गैरआवासीय नेपाली संघ अन्तर्राष्ट्रिय समन्वय परिषद्अन्तर्गत
परोपकार तथा लोककल्याणकारी कार्यसम्बन्धी कार्यदलको निर्देशिका सूची

विषयप्रवेश

परोपकार आफ्नै घरबाट सुरु हुन्छ भन्ने सर्वमान्य धारणा छ । डायस्पोराका व्यक्तिहरूका लागि पनि आफ्नो मातृभूमिमा कैयौं परोपकारी परियोजनाहरूमा सहयोग पुर्याउनु सर्वमान्य धारणा हो । नेपाली डायस्पोरा यसको अपवाद हुन सक्तैन । हामीसँग परोपकारसम्बन्धी संस्कारको निकै सम्पन्न परम्परा छ । संसारमा प्रचलित सबै प्रमुख धर्महरूझैं हिन्दू र बौद्ध धर्मको निम्ति पनि दान (आर्थिक योगदान) भनेको एक आधारभूत स्तम्भ हो । हामीले बाल्यकालदेखि नै सेवाभावको यस संस्कारको शिक्षा पाएका हुन्छौं र यसको संरक्षण गर्नु हाम्रो कर्तव्य हो ।

गैरआवासीय नेपाली संघको वर्तमान कार्यावधि (सन् २०११-२०१३) का लागि निर्वाचित अन्तर्राष्ट्रिय समन्वय परिषद्को गतः १५ अक्टोबर २०११ मा बसेको पहिलो बैठकले अन्तर्राष्ट्रिय समन्वय परिषद् अन्तर्गत लोककल्याणकारी कार्यका लागि रकम सङ्कलन गर्ने निर्णय लिएको थियो । यो गर्व र उत्साहवर्धक छ कि एनआरएन साथीहरूबाट पहिलो बैठकमा नै १५६५०००० (अक्षरेपी एक करोड छपन्न लाख पचास हजार) रुपैंयाको कुल रकम योगदान गर्ने वचनबद्धता व्यक्त गरिएको थियो । ज-जसले उत्साहपूर्वक यस्तो उदारता दर्शाउनुभएको छ ती सबैप्रति म विशेष आभार व्यक्त गर्न चाहन्छु ।

गैरआवासीय नेपाली संघ अन्तर्राष्ट्रिय समन्वय परिषद्ले सन् २००७ को अक्टोबरमा सम्पन्न भएको विश्वसम्मेलनदेखि आफ्नो २ वर्षको कार्यावधिभित्र हरेक राष्ट्रिय समन्वय परिषद्ले नेपालमा कम्तीमा पनि एउटा परोपकारी परियोजना पूरा गर्नुपर्दछ भन्ने अनुरोध गर्दै आएको छ । यसै गरी सन् २०११ को अक्टोबरमा सम्पन्न भएको पाँचौ विश्वसम्मेलनले पनि सबै राष्ट्रिय समन्वय परिषद्हरूलाई सन् २०११-२०१३ को कार्यावधिभित्र कम्तीमा पनि एउटा परोपकारी योजना पूरा गर्ने आग्रह गरेको छ (हेर्नोस्, पाँचौं विश्वसम्मेलनको काठमाडौं घोषणापत्र - २०११, धारा नं. १४) ।

कार्यदल गठनको उद्देश्य

१. सबै राष्ट्रिय समन्वय परिषद्हरू, नेतृत्वदायी पदाधिकारीहरू, आईसीसी सदस्यहरू र राष्ट्रिय समन्वय परिषद्का अन्य साथीहरूलाई लोककल्याणकारी कार्यमा योगदान गर्न उत्साहित गर्नु,
२. हाम्रा मित्रहरू तथा अन्य दातृ एजेन्सीहरूसँग लोककल्याणकारी कार्यमा योगदानका लागि सम्पर्क राख्नु,
३. सबै राष्ट्रिय समन्वय परिषद्हरूलाई पाँचौं विश्वसम्मेलनको काठमाडौं घोषणापत्र - २०११, धारा नं. १४ अनुसार उनीहरूको कार्यावधिभित्र नेपालमा कम्तीमा पनि एउटा परोपकारी परियोजना ल्याउन उत्प्रेरित गर्नु र कार्यान्वयन गर्न निर्देशन दिनु ।
४. राष्ट्रिय समन्वय परिषद्हरूबाट अथवा व्यक्तिगत रूपमा गैरआवासीय नेपालीहरूबाट नेपालमा पूरा गरिएका वा कार्यान्वयनको क्रममा रहेका लोककल्याणकारी कार्यहरू र परियोजनाहरूको बारेमा सूचना सङ्कलन गर्नु ।
५. आवश्यकता परेको खण्डमा राष्ट्रिय समन्वय परिषद्हरू अथवा गैरआवासीय नेपाली महानुभावहरूलाई नेपालमा लोककल्याणकारी क्षेत्र पहिल्याउन परोपकारी कार्य र परियोजनाहरूको केही सूची उपलब्ध गराई सहयोग गर्नु ।

६. गैरआवासीय नेपाली संघका स्थानीय सहयोगीहरूसँग मिलेर काम गर्नु (गैरआवासीय नेपाली संघले नेपालमा हेल्पनेपाल नेटवर्कसँग स्वास्थ्यसेवा, शिक्षा र दैवी प्रकोपबाट राहतको क्षेत्रमा काम गर्ने तथा नेपाल पब्लिक पुस्तकालय कोषसँग पुस्तकालय परियोजनाहरूमा काम गर्ने समझदारी पत्रमा हस्ताक्षर गरेको छ) ।

७. सन् २०११ को १५ अक्टोबरका दिन बसेको अन्तर्राष्ट्रिय समन्वय परिषद्को तीसौं बैठकको निर्णयअनुसर गैरआवासीय नेपाली संघ अन्तर्राष्ट्रिय समन्वय परिषद्को लोककल्याणकारी कोषका लागि रकम सङ्कलन गर्नु । राष्ट्रिय समन्वय परिषद्हरूलाई उनीहरूको योगदान गैरआवासीय नेपाली संघ अन्तर्राष्ट्रिय समन्वय परिषद्को औपचारिक खाताको माध्यमबाट मात्रै सञ्चालन गर्न र लोककल्याणकारी कार्यको सारा खर्चको अभिलेख दुरुस्त राख्न प्रोत्साहित गर्नु ।

कार्यदल टोलीको गठन

- गैरआवासीय नेपाली संघ अन्तर्राष्ट्रिय समन्वय परिषद्ले जीवा लामिछाने (एनआरएनए आईसीसी अध्यक्ष) लाई यस कार्यदलको अध्यक्षता गर्ने अभिभारा सुम्पेको छ । कार्यदलको अध्यक्षले नै सहअध्यक्ष र आवश्यकता परेको खण्डमा डेपुटीहरूको नियुक्तिबारे निर्णय लिनेछ ।
- कार्यदल गठनबारे सन् २०११ को १३ नभेम्बरमा अन्तर्राष्ट्रिय समन्वय परिषद्ले लिएको निर्णयअनुसार कार्यदलका सदस्यहरूको टोली चयन पनि अध्यक्षले नै गर्नेछ ।
- कार्यदलको अध्यक्षले कार्यदलका सदस्यहरूको संख्या पनि निर्धारित गर्नेछ ।
- कार्यदलले आवश्यक परेको खण्डमा नेपालमा भरपर्दो र प्रतिष्ठित गैरसरकारी संस्था वा सामाजिक कार्यकर्तालाई लोककल्याणकारी परियोजना पहिल्याउन अनुरोध गर्नेछ ।
- कार्यदलका सदस्यहरूले आफ्नो क्षेत्रका राष्ट्रिय समन्वय परिषद्हरूलाई लोककल्याणकारी परियोजना ल्याउन सहज तुल्याउने छन् ।
- कार्यदलले प्रगति प्रतिवेदनमा र कार्ययोजनामा छलफलका लागि टोलीका सदस्यहरूबीच नियमित रूपमा बैठकको आयोजना गर्नेछ ।

कार्यदलका सदस्यहरूको चयन प्रक्रिया

१. कार्यदलको अध्यक्षले क्षेत्रीय संयोजकसँग आफ्नो सम्बन्धित क्षेत्रका राष्ट्रिय समन्वय परिषद्हरू र आईसीसी सदस्यहरूसँग परामर्श गरी यस कार्यदलमा काम गर्न इच्छुक सदस्यहरूको नाम सिफारिस गर्न अनुरोध गर्नेछ ।

२. इच्छुक सदस्यहरूसँग लोककल्याणकारी कार्यहरूमा काम गर्ने उनीहरूको इच्छा र दृढता जनाउन अनुरोध गरिने छ । अतीतमा लोककल्याणकारी कार्यहरू गरेको विवरण उपलब्ध गराएर उनीहरूले यसको पुष्टि गर्न सक्तछन् । यसपल्ट उनीहरू आईसीसीको लोककल्याणकारी कोषमा के-कति रकम उपलब्ध गराउन चाहन्छन्, गैरआवासीय नेपाली संघको लोककल्याणकारी परियोजनाहरूका लागि अनुदान उपलब्ध गराउन सक्ने केही दातृ एजेन्सीहरूसँग उनीहरूको सम्पर्क छ वा छैन - जसले यस्ता कुराहरूको पुष्टि गर्न सक्नेछ तिनै सदस्यहरूलाई प्राथमिकता दिइने छ ।

कार्यदलको प्रगति विवरणमा समसामयिकता

- कार्यदलको अध्यक्षले हरेक ९० दिनमा एकपल्ट नियमित रूपमा अन्तर्राष्ट्रिय समन्वय परिषद्समक्ष प्रगति विवरण पेश गर्नेछ ।
- क्षेत्रीय सम्मेलनहरू र आईसीसीका सबै बैठकहरूको लागि प्रगति विवरणलाई समसामयिक तुल्याउने दायित्व पनि अध्यक्षमा नै निहित छ ।

समय-सीमा

सन् २०११ को १३ नभेम्बरका दिन गठित यस कार्यदलले तत्कालै काम सुरु गर्नेछ र सन् २०१३ को अक्टोबरमा सम्पन्न हुने छैटौ विश्वसम्मेलनसम्म नै कार्य जारी राख्ने छ ।

अध्यक्ष : परोपकार तथा लोककल्याणकारी कार्यसम्बन्धी कार्यदल
अध्यक्ष : गैरआवासीय नेपाली संघ अन्तर्राष्ट्रिय समन्वय परिषद्

मिति : १३ नभेम्बर २०११ ।